"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिका कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY ०८०/८१
च.नं./Ref. No.:

मिति: २०८०/०६/२६

## माटो जाँच गराउने सम्बन्धिको सूचना!

पाँचखाल नगरपालिका कृषि शाखाको चालु आ.ब. २०८०/८१ को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत माटो जाँच शिविर यही मिति २०८०/०७/१४ देखि २०८०/०७/१६ सम्म यस कार्यालयमा सञ्चालन हुन गइरहेको हुँदा पाँचखाल नगर भित्रका माटो जाँच गराई लाभ लिन ईच्छुक कृषकहरुले आफ्नो खेत बारीको माटोको नमूना पाँचखाल नगरपालिका कृषि शाखाले तयार गरेको लिफलेट बमोजिम सङ्कलन गरी मिति २०८०/०७/१० भित्र अनिवार्य रुपमा यस शाखामा उपलब्ध गराई नाम टिपाउन हुन हार्दिक अनुरोध गर्दछु ।

थप जानकारीका लागि कृषि शाखाका सम्पर्क व्यक्तिहरु:

सुदर्शन बोलखे- कृषि शाखा प्रमुख ९८४१२५०६८५

सुगम भेटवाल- कृषि स्नातक प्राविधिक ९८४३०४०७५०

ज्ञानेन्द्र दाहाल- प्राविधिक सहायक ९८४१००००८

(सूर्य प्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि

एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।

प्रत्येक ठाउँमा १५ देखि २० सेमि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।






सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।





बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पून: ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।






छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:**

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

थप जानकारीको लागि:

'पाँचखाल नगर-कृषि शहर'

**पाँचखाल नगरपालिका**

**कृषि विकास शाखा**

**पाँचखाल, काभ्रेपलाञ्चोक**

सम्पर्क नं.: ०११-४९९४५१, E-mail: panchkhalkrishi@gmail.com